संवत् २०८३ को विधेयक संख्या: [२]

# विनियोजन विधेयक, २०८३

# सूर्योदय नगरपालिका, इलाम

## उद्देश्य र कारण

आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यका लागि सूर्योदय नगरपालिकाको स्थानीय सञ्चित कोषबाट केही खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेस गर्नुपरेको हो।

प्रस्तुत विधेयकले सूर्योदय नगरपालिकाको स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार र अन्तर्गतका निकायले गर्ने सेवा र कार्यका निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

(दुर्गा कुमार बराल)

कार्यबाहक नगरप्रमुख

**सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यका लागि सूर्योदय नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३**

सभामा पेस गर्न कार्यपालिकाबाट स्वीकृत मिति: २०८३।०३।१०

नगर सभामा पेस भएको मिति: २०८३।०३।१०

नगर सभाबाट स्वीकृत भएको मिति: ................

**प्रस्तावना:** आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरूको लागि सूर्योदय नगरपालिका, इलामको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम सूर्योदय नगरपालिका, इलामको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन मिति २०८३ साल श्रावण १ गते बाट प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०८३/८४ मा नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची-१ मा उल्लिखित बजेट उपशीर्षकहरूको रकम रु. १,१८,४३,४६,३०० (अक्षरेपी रुपैयाँ एक अर्व अठार करोड त्रिचालिस लाख छयालिस हजार तीन सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय हस्तान्तरणबाट संचित कोषमा प्राप्त हुने अनुदानमा थप वा घट भई वा यस ऐन बमोजिम कार्यक्रम संशोधन भई वार्षिक बजेट रकम थप वा घट हुन गएमा सोही बमोजिमको रकम संचित कोषबाट खर्च गर्न वाधा पर्ने छैन।

३. **विनियोजन सम्बन्धी व्यवस्था:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्रविष्ट भए बमोजिम सूर्योदय नगरपालिका, इलामको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(३) सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा समावेश भएको कुनै खर्च शीर्षकमा एकमुष्ठ समावेश भएको रकम खण्डीकरण गरी विभिन्न कार्यक्रममा खर्च गर्नको लागि नगर कार्यपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

४. **रकमान्तर सम्बन्धी व्यवस्था:** (१) दफा ३ बमोजिम सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै खर्च शीर्षकमा बचत हुने र कुनै खर्च शीर्षकमा अपुग हुने भएमा नगर कार्यपालिकाले बचत हुने खर्च शीर्षकबाट अपुग हुने खर्च शीर्षकमा रकम सार्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकम सार्दा अपुग हुने शीर्षकमा विनियोजन भएको रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी खर्च शीर्षकबाट अर्को एक वा एकभन्दा बढी खर्च शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

*तर,*

(क) पूँजीगत खर्च शीर्षकबाट चालू खर्च शीर्षकमा रकम सार्न सकिने छैन।

(ख) चालु खर्चबाट पूँजीगत खर्च गर्न तथा पूँजीगत खर्च व्यहोर्न एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम पच्चिस प्रतिशतभन्दा बढी रकम कुनै एक शीर्षकबाट अर्को शीर्षकमा सार्नुपर्ने भएमा नगर सभाको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि खर्च शिर्षक नं. २८९११ र ३१५११ मा विनियोजन भएको रकम जुन शिर्षकमा निकासा र खर्च हुने हो सोही शिर्षकमा सार्न तथा निकासा गर्न र खर्च जनाउन वाधा पर्ने छैन।

(५) माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिमको अवस्थामा रकमान्तर गर्न पाउने छैन:

- सुरु विनियोजन नभएको खर्च सङ्केतमा,
- नयाँ क्रियाकलापमा,
- आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा, वा
- असार महिनामा।

५. **अख्तियारी:** (१) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्न यो ऐन स्वीकृत भएको मितिले सात दिनभित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम अख्तियारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र विषयगत शाखा प्रमुख वा वडा सचिवलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अख्तियारी प्रदान गर्न विषयगत शाखा वा वडा कार्यालयमा कम्तीमा अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन सम्बन्धी कर्मचारीको दरबन्दी रही पदपूर्ति भएको हुनुपर्नेछ।

६. **खरिद व्यवस्थापन:** (१) नगरपालिकाको कुनै पनि खरिद तथा निर्माण कार्य गर्दा अनिवार्य रूपमा वार्षिक खरिद योजना स्वीकृत गराउनु पर्नेछ। यस्ता कार्यहरू प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीका व्यवस्थाहरूको पूर्ण रुपमा पालना गर्दै, स्वीकृत नर्म्स र दररेटलाई आधार मानेर मात्र गर्नुपर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा समावेश भएको आयोजना वा कार्यक्रमको स्वीकृत बजेटको सीमाभित्र रही यो ऐन पारित भएपछि (साउन १ गते अगावै) खरिद सम्झौता गर्ने गरी प्रचलित कानून बमोजिम खरिद प्रक्रिया सुरु गर्न बाधा पर्ने छैन।

(३) चालु वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकम (घटी कबोल भएको रकम) बाट थप खरिद कार्य गर्न पाइने छैन।

७. **मितव्ययिता, पारदर्शिता र वित्तीय अनुशासन:** यस ऐनको कार्यान्वयन तथा बजेट व्यवस्थापन गर्दा मितव्ययिता, पारदर्शिता र वित्तीय अनुशासन कायम गर्न देहाय बमोजिमका **व्यवस्थाहरू गर्नु पर्नेछ:**

**(क) मध्यमकालीन खर्च संरचना र दायित्व:** सन्तुलित बजेट प्रणाली कायम गर्न मध्यमकालीन खर्च संरचना (MTEF) को सीमाभित्र रही मात्र बहुवर्षीय दायित्व सिर्जना गर्नु पर्नेछ। साथै, साझेदारी वा समपूरक अनुदानका कार्यक्रमहरू कार्यान्वयन गर्दा नगरपालिकाले व्यहोर्नु पर्ने दायित्व (म्याचिङ फण्ड) को सुनिश्चितता नगरी खरिद प्रक्रिया वा सम्झौता अगाडि बढाउन पाइने छैन।

**(ख) अनुदानको सदुपयोग र फिर्ता:** सङ्घीय वा प्रदेश सरकारबाट प्राप्त सशर्त, समपूरक र विशेष अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ। तोकिएको समयभित्र खर्च हुन नसकेको वा काम सम्पन्न भई बचत हुन आएको अनुदान रकम प्रचलित कानून बमोजिम सम्बन्धित सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

**(ग) कारबाहीको व्यवस्था:** यस ऐन बमोजिम विनियोजन भएको रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने, ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून बमोजिम सम्बन्धित अधिकारीले कारबाही गर्नु पर्नेछ।

(घ) **विद्युतीय भुक्तानी (EFT) र खरिद:** नगरपालिकाबाट हुने भुक्तानीहरू अनिवार्य रूपमा विद्युतीय प्रणाली (EFT) मार्फत गर्नु पर्नेछ। सार्वजनिक खरिदलाई प्रतिस्पर्धी र पारदर्शी बनाउन प्रचलित सार्वजनिक खरिद कानूनले तोकेको सीमा र व्यवस्थाको अधीनमा रही विद्युतीय खरिद प्रणाली (e-GP) को प्रयोग गर्नु पर्नेछ।

(ङ) **सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ:** सुशासन र उत्तरदायित्व प्रवर्द्धन गर्न नगरपालिकाबाट प्रवाह हुने सेवा, योजना तर्जुमा तथा कार्यान्वयन लगायतका समसामयिक विषयमा नियमित रूपमा सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ। साथै, नगरपालिकाबाट सञ्चालित आयोजना तथा निर्माण कार्यहरूको पारदर्शिताका लागि अनिवार्य रूपमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

(च) **प्रशासनिक खर्चमा मितव्ययिता:** इन्धन, मर्मत सम्भार, बैठक भत्ता, अतिथि सत्कार, तथा भ्रमण जस्ता प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाउनु पर्नेछ।

(छ) **बेरुजु फस्र्योट:** विगतका वर्षहरूको बेरुजु फस्र्योट कार्यलाई उच्च प्राथमिकता दिई अभियानको रूपमा सञ्चालन गर्नु पर्नेछ र बेरुजु फस्र्योटको अवस्थालाई सम्बन्धित कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउनु पर्नेछ।

(ज) **वर्षान्तको खर्चमा नियन्त्रण:** आर्थिक वर्षको अन्तिम महिना (असार) मा हुने अस्वाभाविक र हतारको खर्चलाई पूर्ण रूपमा नियन्त्रण गर्नु पर्नेछ।

(झ) **प्रगति विवरणको सार्वजनिकिकरण:** विनियोजित बजेटको कार्यान्वयन अवस्था र आयोजनाहरूको त्रैमासिक भौतिक तथा वित्तीय प्रगति विवरण नागरिकले सहजै जानकारी पाउने गरी नगरपालिकाको वेबसाइट र सूचना पाटीमा नियमित रूपमा सार्वजनिक गर्नु पर्नेछ।

८. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** (१) यस ऐनबमोजिम सूर्योदय नगरपालिकाको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको योजना वा कार्यक्रम कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका स्वीकृत गरी लागू गर्न सक्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशिकाको मस्यौदा तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(३) यस ऐनको प्रभावकारी कार्यान्वयन र सेवा प्रवाहलाई व्यवस्थित गर्न नगर कार्यपालिकाले आवश्यकता अनुसार अन्य आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्डहरू तर्जुमा गरी स्वीकृत गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम स्वीकृत निर्देशिका तथा मापदण्डहरू स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

९. **बाधा अड्काउ फुकाउन सक्ने:** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

**अनुसूची-१**

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

**आर्थिक वर्ष २०८३/८४ को लागि सञ्चित कोषबाट विनियोजन हुने रकम**

*(रकम रु. हजारमा)*

| क्र.सं. | संकेत | Heading | विनियोजन | Source | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | ८०१०३४०४१११ | नगर कार्यपालिकाको कार्यालय | १५००००. | १५०००० | ० | ० | ० | ० | ० | ० |
| २ | ८०१०३४०४२०१ | सूर्योदय नगरपालिका वडा नं.१ | ८,७३१ | १,९११ | ६,१०० | ७२०. | ० | ० | ० | ० |
| ३ | ८०१०३४०४२०२ | सूर्योदय नगरपालिका वडा नं.२ | ८,४३५ | २,१३५ | ५,८०० | ५००. | ० | ० | ० | ० |
| ४ | ८०१०३४०४२०३ | सूर्योदय नगरपालिका वडा नं.३ | ८,२१० | १,९६० | ५,२०० | १,०५० | ० | ० | ० | ० |
| ५ | ८०१०३४०४२०४ | सूर्योदय नगरपालिका वडा नं.४ | ९,१०० | १,२५० | ५,७०० | २,१५० | ० | ० | ० | ० |
| ६ | ८०१०३४०४२०५ | सूर्योदय नगरपालिका वडा नं.५ | ८,३८२ | २,६८२ | ५,००० | ७००. | ० | ० | ० | ० |
| ७ | ८०१०३४०४२०६ | सूर्योदय नगरपालिका वडा नं.६ | ८,१७० | २,६५५ | ५,००० | ५१५. | ० | ० | ० | ० |

| क्र.सं. | संकेत | Heading | विनियोजन | Source | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| ८ | ८०१०३४०४२०७ | सूर्योदय नगरपालिका वडा नं.७ | ७,८७० | १,८७० | ५,९०० | १००. | ० | ० | ० | ० |
| ९ | ८०१०३४०४२०८ | सूर्योदय नगरपालिका वडा नं.८ | ८,८७१ | ३,१२१ | ५,७५० | ० | ० | ० | ० | ० |
| १० | ८०१०३४०४२०९ | सूर्योदय नगरपालिका वडा नं.९ | ८,४८३ | २,५३३ | ५,४०० | ५५०. | ० | ० | ० | ० |
| ११ | ८०१०३४०४२१० | सूर्योदय नगरपालिका वडा नं.१० | ९,०६३ | २,९१३ | ५,३०० | ८५०. | ० | ० | ० | ० |
| १२ | ८०१०३४०४२११ | सूर्योदय नगरपालिका वडा नं.११ | ८,३३३ | २,०७३ | ५,६०० | ६६०. | ० | ० | ० | ० |
| १३ | ८०१०३४०४२१२ | सूर्योदय नगरपालिका वडा नं.१२ | ८,१३४ | १,७८४ | ५,९०० | ४५०. | ० | ० | ० | ० |
| १४ | ८०१०३४०४२१३ | सूर्योदय नगरपालिका वडा नं.१३ | ७,८८३ | १,०३३ | ५,८५० | १,००० | ० | ० | ० | ० |
| १५ | ८०१०३४०४२१४ | सूर्योदय नगरपालिका वडा नं.१४ | ८,३९४ | २,२९४ | ५,८०० | ३००. | ० | ० | ० | ० |
| १६ | ८०१०३४०४३११ | कृषि तथा खाद्य सुरक्षा | ७,७०० | १,७०० | ५,१०० | ९००. | ० | ० | ० | ० |
| १७ | ८०१०३४०४३१२ | पशुपंक्षी विकास | ३,४०० | २,६०० | ५००. | ३००. | ० | ० | ० | ० |

| क्र.सं. | संकेत | Heading | विनियोजन | Source | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १८ | ८०१०३४०४३१३ | सिंचाई | २,०८६ | २,०८६ | ० | ० | ० | ० | ० | ० |
| १९ | ८०१०३४०४३१४ | उद्योग, व्यापार, व्यवसाय | १,१६० | १,१६० | ० | ० | ० | ० | ० | ० |
| २० | ८०१०३४०४३१५ | पर्यटन तथा संस्कृति | १९,९०० | १६,४०० | ३,५०० | ० | ० | ० | ० | ० |
| २१ | ८०१०३४०४३१६ | भुमी व्यवस्था, सहकारी र वित्तीय व्यवस्था | २,९५० | २,९५० | ० | ० | ० | ० | ० | ० |
| २२ | ८०१०३४०४३१७ | श्रम तथा रोजगारी | ६,७२४.३० | ६,७२४.३० | ० | ० | ० | ० | ० | ० |
| २३ | ८०१०३४०४३१८ | गरिवी निवारण | ४००. | ४००. | ० | ० | ० | ० | ० | ० |
| २४ | ८०१०३४०४३२१ | जनस्वास्थ्य तथा पोषण | ३२,१०० | १५,७५० | ११,६०० | ४,७५० | ० | ० | ० | ० |
| २५ | ८०१०३४०४३२२ | शिक्षा, कला, भाषा तथा संस्कृति | ३०,७१० | २६,८१० | २,७०० | १,२०० | ० | ० | ० | ० |
| २६ | ८०१०३४०४३२३ | खानेपानी तथा सरसफाई | ५,९०० | ३,३०० | ६००. | २,००० | ० | ० | ० | ० |
| २७ | ८०१०३४०४३२४ | महिला, वालवालिका, सामाजिक संरक्षण र समावेशीकरण | ६,८७० | ६,२७० | २००. | ४००. | ० | ० | ० | ० |
| २८ | ८०१०३४०४३२५ | युवा तथा खेलकुद | ६,७०० | ५,५०० | २००. | १,००० | ० | ० | ० | ० |

| क्र.सं. | संकेत | Heading | विनियोजन | Source | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| २९ | ८०१०३४०४३२६ | सामाजिक सुरक्षा तथा पञ्जिकरण | १,७४० | १,७४० | ० | ० | ० | ० | ० | ० |
| ३० | ८०१०३४०४३३१ | भवन, आवास, वस्ती तथा सहरी विकास | ७,७०० | ३,७०० | १,९०० | २,१०० | ० | ० | ० | ० |
| ३१ | ८०१०३४०४३३२ | सडक, पुल तथा यातायात | १४६४५०. | १०५९५०. | ३२,९०० | ७,६०० | ० | ० | ० | ० |
| ३२ | ८०१०३४०४३३३ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | ८००. | ८००. | ० | ० | ० | ० | ० | ० |
| ३३ | ८०१०३४०४३३४ | सूचना तथा सञ्चार प्रविधि | ३,२८० | ३,२८० | ० | ० | ० | ० | ० | ० |
| ३४ | ८०१०३४०४३४१ | वन, भू-संरक्षण तथा जैविक विविधता | ५००. | ५००. | ० | ० | ० | ० | ० | ० |
| ३५ | ८०१०३४०४३४२ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ५७,८५० | २६,८५० | ३०,००० | १,००० | ० | ० | ० | ० |
| ३६ | ८०१०३४०४३४३ | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | ४,३५० | १,०५० | २,००० | १,३०० | ० | ० | ० | ० |
| ३७ | ८०१०३४०४३५१ | नीति, कानून, न्याय तथा सुशासन | ३,७५० | ३,७५० | ० | ० | ० | ० | ० | ० |

| क्र.सं. | संकेत | Heading | विनियोजन | Source | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| ३८ | ८०१०३४०४३५२ | संगठन विकास, मानव संशासन र क्षमता विकास | ४,७५० | ३,७५० | ० | १,००० | ० | ० | ० | ० |
| ३९ | ८०१०३४०४३५३ | राजश्व तथा स्रोत परिचालन | १,३५० | १,३५० | ० | ० | ० | ० | ० | ० |
| ४० | ८०१०३४०४३५४ | तथ्यांक, योजना तथा विकास व्यवस्थापन | १,८३० | १,८३० | ० | ० | ० | ० | ० | ० |
| ४१ | ८०१०३४०४५११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ४४४,८०० | | ४४४,८०० | ० | ० | ० | ० | ० |
| ४२ | ८०१०३४०४५१२ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(विशेष अनुदान) | ३०,६०० | | ३०,६०० | ० | ० | ० | ० | ० |
| ४३ | ८०१०३४०४५१३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | १२,५०० | ५,५०० | ७,००० | ० | ० | ० | ० | ० |
| ४४ | ८०१०३४०४५२१ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ४५,९८७ | ० | ० | ४५,९८७ | ० | ० | ० | ० |

| क्र.सं. | संकेत | Heading | विनियोजन | Source | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| ४५ | ८०१०३४०४५२३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | २०,००० | ० | १२,००० | ८,००० | ० | ० | ० | ० |
| ४६ | ८०१०३४०४९२४ | अपांगता पुनर्स्थापना कार्यक्रम | १,४५० | १,४५० | ० | ० | ० | ० | ० | ० |
| total | | | ११८४३४६.३ | ४३३३६४.३ | ६६३९०० | ८७०८२ | ० | ० | ० | ० |